**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ३० मार्च २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- पश्चिम बंगालमा स्वतंत्र र निष्पक्ष चुनाव हुनु पर्ने भन्दै भारतीय जनता पार्टीको एक प्रतिनिधि टोलीले आज निर्वाचन आयोगसित भेट गरेका छ।

- निर्वाचन आयोगद्वारा आज पश्चिम बंगाल विधानसभा चुनावको पहिलो चरणको अधिसूचना जारी हुन साथै भाजपा नेता सुभेन्दु अधिकारीले नामांकन दर्ता गर्नुभएको छ|

- मुख्यमन्त्री ममता बनर्जीले राज्यमा आदर्श आचारसंहिता लागू भएपछि प्रशासनिक स्तरमा लगातार बदलाव भइ रहेकोमा तीव्र प्रतिक्रिया दिनु भएको छ।

- खरसाङ क्षेत्रमा एसआइआर प्रक्रिया अन्तर्गत मतदाता सुचिवाट नाम डिलिट भएका मानिसहरू आज सडकमा निस्केर प्रदर्शन गरेका छन्।

- सिलगडीमा आज भगवान महाबिरको २६२५ औ जन्म जयन्ती भव्य शोभा यात्राका साथ पालन गरियो|

**निर्वाचन- आयोग-भाजपा प्रतिनिधिमंडल-पश्चिम बंगाल चुनाव**

भारतीय जनता पार्टीका वरिष्ठ नेताहरु पीयूष गोयल, किरेन रिजिजू र डॉ. सुकांत मंजुमदार सहित कयौ नेताहरु र केंद्रीय मंत्रिहरुले आज निर्वाचन आयोगसित भेट गरेका छन् । बैठकपछि संवाददाताहरुलाई संबोधित गर्नुहुदै श्री रिजिजूले भन्नु भयो कि पश्चिम बंगालमा स्वतंत्र र निष्पक्ष चुनाव हुनु पर्नेछ । उहाँले आरोप लगाउनु भयो कि पश्चिम बंगाल की मुख्यमंत्री र तृणमूल कांग्रेस की वरिष्ठ नेता ममता बनर्जी र उहाँको पार्टीले राज्यमा चुनावी प्रक्रियालाई सम्पूर्ण रुपले हाईजैक गरेको छ । श्री रिजिजूले भन्नु भयो कि उहाँले पश्चिम बंगालसंग संबंधित आफ्नो चिंताहरुलाई आयोगको समक्ष राखेका छन् र आयोगले आश्वासन दिएको छ कि आयोगले स्वतंत्र र निष्पक्ष चुनाव सुनिश्चित गर्नका लागि सबै आवश्यक कदम उठाउनेछ ।

**निर्वाचन आयोग अधिसूचना -पश्चिम बंगाल**

निर्वाचन आयोग द्वारा आज तमिलनाडु र पश्चिम बंगाल विधानसभा चुनावको पहिलो चरणको अधिसूचना जारी गरेको छ| यसका साथै नामांकन पत्र दर्ता गर्ने प्रक्रिया पनि सुरु भएको छ। **पश्चिम बंगालका 152 सीटहरुमा पहिलो चरणको मतदान आगमी महीनाको 23 तारीखको दिन हुनेछ।** उम्मेद्वारहरुले छ अप्रैलसम्म नामांकन पत्र दर्ता गर्न सक्नेछन्। नामांकन पत्रहरुको जाँच अर्को दिनदेखि शुरू हुनेछ। उम्मेद्वारहरुले 9 अप्रैलसम्म नाम फिर्ता लिन सक्नेछन्।

**सुभेन्दु अधिकारी**

वरिष्ठ भाजपा नेता शुभेन्दु अधिकारीले आज राजनीतिक रूपमा महत्त्वपूर्ण नन्दीग्राम विधानसभा क्षेत्रबाट आफ्नो उम्मेदवारी दर्ता गराए, आगामी पश्चिम बंगाल चुनावमा पार्टीले निर्णायक जनादेश प्राप्त गर्ने विश्वास व्यक्त गर्दै श्री अधिकारीले पूर्व मेदिनीपुर जिल्लाको हल्दियामा केन्द्रीय मन्त्री धर्मेन्द्र प्रधान र पूर्व प्रदेश भाजपा अध्यक्ष दिलीप घोष लगायत वरिष्ठ पार्टी नेताहरूको उपस्थितिमा आफ्नो उम्मेदवारी पत्र बुझाए। जिल्लाका अन्य दुई भाजपा उम्मेदवारहरूले पनि उहाँसँगै आफ्नो उम्मेदवारी दर्ता गरे। पार्टीको सम्भावनाको बारेमा आशा व्यक्त गर्दै अधिकारीले भन्नुभयो भारतीय जनता पार्टीलाई जनसमर्थन विगतका चुनावहरूको तुलनामा उल्लेखनीय रूपमा बढेको छ। उहाँले पारदर्शिता, विकास र जवाफदेहितामा केन्द्रित शासन मोडेल प्रदान गर्ने भाजपाको प्रतिज्ञा दोहोऱ्याउनु भयो। हाल विपक्षी नेताको रूपमा सेवा गरिरहेका अधिकारीले नन्दीग्राम र भवानीपुर दुवै निर्वाचन क्षेत्रबाट

आफू विजयी हुने दाबी पनि गर्नुभयो। चुनावमा भाजपा र सत्तारुढ अखिल भारतीय तृणमूल कांग्रेस बीच तीव्र लडाई हुने अपेक्षा गरिएको छ। मुख्यमन्त्री ममता बनर्जी भवानीपुरबाट चुनाव लड्दै छिन्, जसले गर्दा यो राज्यको सबैभन्दा नजिकबाट हेरिएको सिटहरू मध्ये एक हो।

**मुख्यमन्त्री ममता बनर्जी**

मुख्यमन्त्री ममता बनर्जीले राज्यमा आदर्श आचारसंहिता लागू भएपछि प्रशासनिक स्तरमा लगातार बदलाव भइ रहेकोमा तीव्र प्रतिक्रिया दिनु भएको छ। भाजपा र निर्वाचन आयोगमाथि प्रहार गर्दै उहाँले प्रशासनमा यस्तो 'संलग्नता र विभाजन' यसअघि कहिल्यै नदेखिएको बताउनु भयो।सभालाई सम्बोधन गर्दै ममता बनर्जीले भन्नुभयो, 'राज्यका धेरै अनुभवी अधिकारीहरूलाई हटाइएको छ र प्रशासनलाई विभाजित गरिएको छ। उहाँले आरोप लगाउदै भन्नुभयो अधिकारीहरुलाई आरएसएस वा भाजपासँगको निकटताको आधारमा सरुवा गरिएको छ। उहाँ अनुसार यस्ता कदमले उल्टो प्रभाव पार्ने र जनताले मतदानमार्फत त्यसको जवाफ दिने बताउनु भयो।

मुख्यमन्त्रीले मतदाता सूचीबाट नाम हटाउने विषयमाथि पनि प्रश्न उठाउनु भयो। उहाँले आदिवासी र अल्पसंख्यक समुदायका व्यक्तिहरूको नाम सुनियोजित षड्यन्त्रको एक भागको रूपमा मतदाता सूचीबाट हटाइएको आरोप लगाउनु भयो। तर, यसले निर्वाचन परिणाममा कुनै असर नपार्ने उहाँको भनाइ छ। उहाँले राज्य सरकारका विभिन्न योजनाहरूको बारेमा पनि उल्लेख गर्दै "युवासाथी", "कन्याश्री", "रूपश्री" र अन्य योजनाहरू कुनै पनि प्रकारको भिक्षा वा भत्ता होइनन् तर मानिसहरूलाई सम्मानको जीवन बिताउन मद्दत गर्न सुरु गरिएको बताउनुभयो।

**मुख्यमन्त्री चुनाव सभा**

राज्यमा विधानसभा चुनावको प्रचार बीच तृणमूल कांग्रेस प्रमुख तथा मुख्यमंत्री ममता बनर्जीले आज पश्चिम मिदनापुर जिल्लाको डेबरामा एक चुनावी जनसभालाई संबोधित गर्दै भारतीय जनता पार्टी माथि तीखो आलोचना गर्नुभएको छ। उहाँले दाबी गरे अनुसार चुनाव पछि पश्चिम बंगालमा जीतपछि सबैलाई साथ लिएर देशका जनताको समर्थनले दिल्लीको सत्तामा पनि कब्जा गरिनेछ।

***ममता बनर्जीले भाजपा माथि धर्मको राजनीति गरेको आरोप लगाउदै भन्नुभयो केहि मानिसहरु धर्मको नाममा प्रचार गरिरहेका छन्, तर वास्तवमा कुनै धर्मको सम्मान भने गर्दैनन्। उहाँले भन्नुभयो, उहाँको पार्टीले धर्मलाई सम्मान दिन्छ अनि मानवतालाई प्राथमिकता दिदछ, जबकि भाजपाले धर्मलाई राजनीतिक लाभका लागि प्रगोग गर्ने गर्छ। उहाँले भाजपा सरकारमा आए माछा खानु बंद गर्ने बताउनु भयो। महिलाहरुको मुद्दामा मुख्यमंत्रीले भाजपामाथि आरोप लगाउदै भन्नुभयो भाजपा महिलाहरु प्रति संवेदनशील छैन अनि मतदाता सूची संशोधन अवधि सबैभन्दा अधिक नाम महिलाहरुको काटिएको छ| उहाँले भन्नुभयो बिबाहपछि महिलाहरुको उपनाम बदलिएका कारण पनि धेरै प्रशासनिक भ्रमको स्थिति उब्जिएको छ। आफ्नो सम्बोधनमा पश्चिम मिदनापुरको ऐतिहासिक विरासतको उल्लेख गर्दै उहाँले भन्नुभयो यो ईश्वरचंद्र विद्यासागरको भूमि हो, जसको प्रयासका कारण शिक्षाको प्रसार भयो। मुख्यमंत्रीले भन्नुभयो उनको पार्टीले सबै समुदाय अनि वर्गलाई साथमा लिएर चल्नेमा विश्वास राख्दछ। किसानहरु, विशेषगरी आलू उत्पादकहरुलाई संबोधित गर्दै उहाँले भन्नुभयो राज्य सरकारले मुफ्त फसल बीमा योजना लागू गरेको छ। उहाँले डेबरा क्षेत्रमा पछिलो पांच वर्षमा भएको विकास कार्यहरुको पनि उल्लेख गर्नुभयो अनि तृणमूल कांग्रेस प्रत्याशी राजीव बनर्जीको समर्थनमा मतदानको अपील गर्नुभयो।***

**अमर लामा/ भाजपा**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका खर्साङ बिधानसभा क्षेत्रका उम्मेदवार अमर लामा प्रचारको क्रममा आज खर्साङको जङपानामा चिया श्रमिकहरुलाई भेटेर भोटको अपील गर्नु भयो। भेटघाटको क्रममा उहाँले चिया श्रमिकहरुको समस्यालाई सुने। श्री

लामाले भोटको अपिल गर्दै चिया श्रमिकहरुको समस्यालाई नजिकबाट देखेको बताउनु भयो। उहाँले 2016 मा ट्रेड पञ्जिकृत गरेर चिया श्रमिकको हक अनि हितको निम्ति काम गरेको तथा 2017 देखि 2023 सम्म राज्य सरकारले जुन आन्तरिक रोज बढाएको छ, त्यो बढाउने बैठकहरूमा आफू पनि सहभागी रहेको जानकारी दिनु भयो। उहाँले चुनाव जितेको खण्डमा श्रमिकहरुको न्युनतम रोजको मुद्दालाई विधान सभामा उठाउने बताउनु भयो ।

अर्कोतिर, खरसाङ विधान सभा आसनका भाजपा प्रार्थी सोनाम लामाले चुनावी प्रचारको क्रममा सोमबार मिरिकमा भाजपा कार्यकर्ताहरूसित भेट गर्नु भयो। यस अवसरमा भाजपासितको गठबन्धनमा रहेको स्थानीय पार्टी गोजमुमोका प्रतिनिधिहरुको पनि उपस्थिति रहेको थियो। यस अवसरमा बोल्दै प्रार्थी सोनाम लामा अनि जिल्ला अध्यक्ष संजीव लामाले यसपटक पश्चिम बंगालमा सत्ता परिवर्तन हुने ठोकुवा गर्दै पहाडको तीनवटा सीट भाजपाले जित्ने दाबी गरे। यसैगरी स्वत्रन्त्र उम्मेदवारको रुपमा आएका श्रमजीवी पहलका सुमेंद्र तामांगले पनि आफ्नो पक्षमा प्रचार गर्दै जनतासम्म पुगिरहेका छन्|

## एस आइ आर डिलिट- प्रदर्शन

खरसाङ क्षेत्रमा एसआइआर प्रक्रिया अन्तर्गत मतदाता सुचिवाट नाम डिलिट भएका मानिसहरू आज सडकमा निस्केका छन्| मतदाता सूचीबाट नाम डिलिट भएपछि मानिसहरु अचम्मित हुँदै विभिन्न गुनासोहरुको साथमा खरसाङको रेलवे स्टेशनमा भेला भएर एउटा रैली आयोजित गरेका थिए| उक्त रैली खरसाङको रेलवे स्टेशनबाट शुरु भएर पंखाबारी रोड हुँदै महकुमा शासक कार्यालय गएको भए पनि चुनावको समयमा 144 धारा लागु भएको भन्दै प्रशासनद्वारा रोकिएपछि नयाँ रोड भएर नयाँ बजारस्थित टाउन सार्वजनिक भवनसम्म पुगेको थियो। रैली अवधि मानिसहरुले आफुहरुले कुनै अवस्थामा पनि भोट हाल्न पाउनु पर्ने भन्दै खरसाङ महकुमा कार्यालयका डिएमडिसीलाई ज्ञापन बुझाएका छन्| ज्ञापनमा एसआईआर अन्तर्गत मतदाता सूचिबाट नाम काटिएकाहरुको गुनासो राखिएको थियो। रैली अवधि खरसाङको विभिन्न भागवाट मानिसहरु भेला भएका थिए| रैली टाउन हलमा पुगेर एक सभामा परिणत भएको थियो। उक्त सभालाई पञ्चायत समिति सदस्य सुमन बम्जनले सञ्चालन गरेका थिए। सभालाई सम्बोधन गर्दै जीटीएको प्रमुख कार्यपाल अनित थापाले सम्बोधन गर्दै भने, 'चुनाव आउँछ-जान्छ तर पहिला हामीले हाम्रो मतदाता बचाउनु पर्छ। हामीले लडाई लड्नु नै पर्छ। तपाईहरुलाई भोट हाल्नु सक्ने बनाउँछौ नै भनी प्रतिबद्धता व्यक्त गरे।' यस सभालाई एसपी शर्माले पनि सम्बोधन गरेका थिए|

## एस आइ आर पश्चिम बंगल

राज्यमा मतदाता सूची पुनरीक्षण अन्तर्गत ठुलो संख्यामा नाम हटिएको मामिला अघि आएको छ। राज्यमा लगभग 60 लाख विचाराधीन मतदाताहरु मध्ये हिजो रातीसम्म 42 लाख मामिलाको सुनुवाई भएको छ । चुनाव आयोगको सूत्र अनुसार हालसम्म लगभग 18 लाख नाम सूचीबाट हटाइएको छ, जबकि लगभग 20 लाख मतदाताहरुको नाम अझ पनि विचाराधीन छ।आयोगले सूचित गरेको छ कि यी सबै मुद्दाहरू नामांकन दाखिल गर्ने अन्तिम मितिभन्दा पहिले निपटाइनेछ। राज्यमा पहिलो चरणको चुनावका लागि नामांकन भर्ने अन्तिम मिति अप्रिल ६ हो। यसैबीच, निर्वाचन आयोगले पश्चिम बंगालको चौथो अतिरिक्त मतदाता सूची (अन्तिम सूचीसहित कुल पाँच सूची) पनि जारी गरेको छ। यो अतिरिक्त सूचीमा करिब दुई लाख मतदाताको नाम समावेश गरिएको छ । तर, कतिको नाम मतदाताबाट हटाइएका छन् भन्ने अझै स्पष्ट भइसकेको छैन । आयोगका स्रोतका अनुसार विचाराधीन सूचीमा रहेका नाममध्ये ४० देखि ४५ प्रतिशत नाम हटाइसकेका छन् । आयोगको तथ्यांकअनुसार एसआइआरको ढाँचा र अन्तिम नामसहित हालसम्म कूल ६३ लाख ६६ हजार ९५२ मतदाताको नाम हटाइसकिएको छ। पहिलो अतिरिक्त सूचीबाट करिब १२ लाख नाम हटाइएको थियो । सर्वोच्च अदालतको निर्देशनमा विचाराधिन मतदाताको मुद्दा न्यायाधीशको निगरानीमा टुंगो लगाउने काम भइरहेको छ ।

## महाबीर जयन्ती सिलीगुड़ी

सिलगड़ीमा आज भव्य रूपमा महावीर जयन्ती पालन गरियो। भगवान महाबीर जनकल्याण महोत्सव समिति, सिलगड़ीको तत्वाधानमा अहिंसा , करूणा अनि सत्यको प्रतीक २४ औं जैन तीर्थंकर भगवान महावीर स्वामीको २ हजार ६ सय २५ औ जन्म जयन्ती पालन गरियो। यस अवसरमा सिलगड़ीका विभिन्न मार्गहरूमा झाँकीहरूका साथ शोभायात्रा निकालियो जसमा सिलगडीका मेयर गौतम देव, भाजपा विधायक शंकर घोष , साथै सैकड़ौ अनुयायीहरू सामेल थिए।

## सांसद बिष्ट

उत्तर दिनाजपुर जिल्लाको चोपड़ा क्षेत्रमा हिज तृणमूल कांग्रेस अनि भारतीय जनता पार्टी (भाजपा) बीच भएको संघर्ष पछि क्षेत्रमा तनावको माहौल बनेको छ।
कांचाकाली बाजार क्षेत्रमा भएको यस घटना पछि आज दार्जिलिंग लोकसभा क्षेत्रका भाजपा सांसद राजू बिष्ट उक्त क्षेत्रमा पुग्नु भयो। उहाँले पहिले कालागछ स्थित पार्टी कार्यालयमा घाइते कार्यकर्ताहरुसित भेट गरेपछि चोपड़ा थाना पुगी पुलिस अधिकारिहरुसित बैठक गर्नुभयो।

सांसदले आरोप लगाए अनुसार भाजपा कार्यकर्ता जब क्षेत्रमा पार्टीको झंडा लगाइ रहेका थिए तब 25-30 तृणमूल समर्थकहरुले अचानक हमला गरे। सांसदले चोपड़ाका मानिसहरुको विकास चाहेको, तर केहि असामाजिक तत्वहरुले बाधा पुर्याउने प्रयास गरिरहेको बताउनुभयो। उहाँले आरोपितहरुलाई चाडै पक्राउ गर्ने मांग गर्दै क्षेत्रलाई “गुंडामुक्त बनाउनु पर्ने चेतावनी दिनुभयो।

## जनगणना 2027

जनगणना 2027 एक अप्रिल देखि सुरु हुनेछ। यो स्वतन्त्रता पछिको आठौं र यस शृङ्खलाको 16 औं जनगणना हुनेछ। आज नयाँ दिल्लीमा एक संवाददाता सम्मेलनमा महारजिस्ट्रार तथा जनगणना आयुक्त मृत्युंजय कुमार नारायणले जनगणना दुई चरणमा गरिने बताउनुभयो।श्री नारायणले पहिलो चरणमा घर-घरको सूची बनाउन र स्व-गणना गरिनेछ भन्नुभयो।
आयुक्तले भन्नुभयो स्व-गणनाको सुविधा 1 अप्रैल देखि 31 अगस्त सम्म 15 दिनको अवधिमा सञ्चालित गरिनेछ। यसको सञ्चालन राज्य र केन्द्र शासित प्रदेशहरूमा भिन्दा-भिन्दै हुनेछ।

**********